# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ९] काठमाडौं, मार्ग ३० गते २०१६ साल [अतिरिक्ताङ्क १८


श्री ५ को सरकार

## कानून मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र बीर बिक्रम शाहदेवको शासनकालको पाँचौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्री पद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।



६३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०१६ सालको ऐन नं. १४

## लालमोहर ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– लालमोहर ऐन, २०१५ (यस पछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पांचौं वर्षमा संसदले यो ऐन बानाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यस ऐनको नाम लालमोहर (संशोधन) ऐन, २०१६ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. मूल ऐनको दफा ३ मा संशोधनः— मूल ऐनको दफा ३ मा निम्नलिखित संशोधन गरिएको छः—

(क) दफा ३ को खण्ड (ग) को देहाय (१) को सट्टा निम्नलिखित देहाय (१) राखिएको छः—

(१) ऐन र अध्यादेशको लिखतमा।

(ख) दफा ३ को खण्ड (ग) को देहाय (२) मा रहेको " लेखिए बाहेक" शब्दहरू र "लालमोहर हुनु पर्ने" शब्दहरूको बीचमा "नेपाल काननले" शब्दहरू थपिएकोछ—

३. मूल ऐनको दफा ४ र ५ मा संशोधनः— (१) मूल ऐनको दफा ४ को उपदफा (१) मा "दफा ३" शब्दको सट्टा "दफा ३ को खण्ड (ख) र (ग)" शब्द राखिएको छ।

(२) मूल ऐनको दफा ४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

तर ऐन र अध्यादेशको लिखतमा कानून सचिवले सहीछाप गर्नेछन्।

(३) मूल ऐनको दफा ४ र दफा ५ मा " प्रमुख सेक्रेटरी " " सेक्रेटरी " र " मिलिटरी सेक्रेटरी " शब्दहरू उल्लेख भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा क्रमशः "क्याबिनट सेक्रेटरी " " सचिव " र " सैनिक सचिव " शब्दहरू राखिएको छ।

(४) मूल ऐनको दफा ५ को उपदफा (२) मा " कानून सचिवालय " शब्दहरूको सट्टा " कानून मन्त्रालय " शब्दहरू राखिएको छ।

४. मूल ऐनको दफा ४ पछि दफा ४ क थप्ने:- मूल ऐनको दफा ४ पछि निम्नलिखित दफा ४ क थपिएको छ :—

४. क संसदले पास गरेको विधेयकका सम्बन्धमा कार्यविधिः— दफा ४ मा जनसुकै कुरा लेखिएको भए तापनि कुनै विधेयक संसदबाट पास भै सकेपछि महासभा

६३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियमावली वा प्रतिनिधिसभा नियमावलीमा लेखिए बमोजिम शाही स्वीकृतिलाई पेश गर्ने पदाधिकारीले सो विधेयकको पांच प्रतिमा सोही वेहोरा जनाई स्वहस्त प्रमाणित गरी श्री५महाराजाधिराजका प्रमुख सचिव कहां पठाउने छन् र श्री५ महाराजाधिराजवाट स्वीकृति वक्सेपछि विधेयकका सबै प्रतिहरूमा सोही वेहोरा जनाई मौसूफका प्रमख सचिवले स्वहस्त प्रमाणित गर्नेछन् र सो प्रमाणित प्रति मध्ये एक प्रतिमा दफा ३ को खण्ड (ग) बमोजिमको लालमोहर छाप लगाइने छ ।

५. मूल ऐनको दफा ६ मा संशोधनः—मूल ऐनको दफा ६ लाई दफा ६ को उपदफा (१) कायम गरी देहायको उपदफा (२) थपिएको छः-

(२) उपदफा (१) अन्तर्गत बनेका नियमद्वारा दफा ३ को खण्ड (क) मा उल्लेख भएको लिखतमा लालमोहर छाप लगाउने कार्यविधि समेत तोक्न सकिने छ र अरू नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो कार्यविधिका सम्बन्धमा सो नियम बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०१६।८।२४।४

आज्ञाले
वासुदेव शर्मा
श्री ५ को सरकारको सचिव,
कानून मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित ।

६३७

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।